# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।०४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला ओखलढुंगा, चम्पादेवी गाउँपालिका वडा नं. १ पुनाटार (साविक चम्पादेवी गाउँ विकास समिति वडा नं. १) स्थायी ठेगाना भई मिति २०५१।१२।०९ मा श्री चम्पादेवी प्राथमिक विद्यालयमा प्राथमिक तह चतुर्थ श्रेणी अस्थायी शिक्षकमा नियुक्ति भई मिति २०७५।११।२९ गते बालादेवी आधारभूत विद्यालयबाट स्वतः अवकाश लिएका सेवानिवृत्त शिक्षक खेटराज बरालले सेवा प्रवेश गर्दा पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली रहेको भन्ने उजुरीउपर अनुसन्धान हुँदा निजले मिथिला संस्कृत विश्वविद्यालय, कोरीयाही पटना भारतबाट मध्यमा तहको परीक्षा पास गरेको झुठ्ठा तथा नक्कली प्रमाणपत्रहरु पेश गरी प्राथमिक तह अस्थायी शिक्षक पदमा नियुक्ति लिई सोही तहको लाभसमेत लिएको देखिएको हुँदा निजले गरेको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको देखिएकोले निज सेवानिवृत्त शिक्षक खेटराज बरालउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला